## आठविसकोट नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या: ८२ मिति : २०७६/१०/०२

भाग २

### आठविसकोट नगरपालिका

नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आठविसकोट नगर कार्यपालिकाबाट स्वीकृत कार्यविधिहरु सर्वसाधरणका लागि स्थानीय राजपत्रमा प्रकाशन गरिएको छ ।

## ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७६

**१ परिचयः** ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान ,सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिबृद्धि गर्नुका साथै राज्यद्धारा तोकिएको सेवा एवम् सुबिधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसुचि ८ को क्रम सङ्ख्या १५ बमोजिम तथा स्थानिय सरकार संचालन ऐन, २०७४

ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७६

को दफा १०२ बमोजिम आठविसकोट नगर कार्यपालिकाले ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि तयार पारी लागु गरेको छ।

**२. परिचयपत्र वितरणका आधारः** नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धि नियमावलि, २०६५ को नियम १५ अनुसार र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को परीच्छेद ३ को दफा ११ को उपदफा (२) को त. अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचयपत्र वितरणका आधार हुनेछन्।

**३. उद्धेश्यः** (क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानिय तह देखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने। उक्त लगत राख्ने कार्यमा एकरुपताका लागि अनुसुचि २ को ढाँचामा लगत राख्नु पर्नेछ।

(ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्ने र ज्येष्ठ नागरिकको वर्गिकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा सुबिधा र सहयोग सरल रुपमा प्रदान गर्ने।

(ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागि गराउने।

**४.लक्षित वर्गः** ज्येष्ठ नागरिक सम्बन्धि ऐन, २०६३ ले परिभाषित गरे अनुसार साठी बर्ष उमेर पूरा गरेका सबै नेपाली नागरिकहरु।

**५. ज्येष्ठ नागरिकहरुको वर्गिकरणः** ज्येष्ठ नागरिक सम्बन्धि नियमावली, २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गिकरण देहाय बमोजिम गरिएकोछः

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको बरिष्ठ ज्येष्ठ नागरिक।

(ग) असहाय ज्येष्ठ नागरिक।

(घ) अशक्त ज्येष्ठ नागरिक।

ङ) एकल ज्येष्ठ नागरिक।

**६. परिचयपत्र वितरणका मापदण्डः** ज्येष्ठ नागरिक सम्बन्धि नियमावली, २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिनेछ।

**७. ज्येष्ठ नागरिकलाई परिचयपत्रको ढाँचाः** ज्येष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूचि १ बमोजिम हुनेछ। ज्येष्ठ नागरिक परिचयपत्रको आकार नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबरको हुनेछ। उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडी पट्टी अंग्रेजी भाषामा रुपान्तरण गरेको हुनेछ

**८. परिचय पत्र वितरण प्रकृयाः** (क) ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित स्थानिय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्र प्रतिलिपि र दुई प्रति अटो साईजको फोटो संलग्न हुनुपर्नेछ। यस प्रयोजनको लागि नागरिकताको प्रमाण पत्रलाई आधार मानिनेछ।

(ग) ज्येष्ठ नागरिक परिचयपत्र प्रदान गर्ने अधिकारी स्थानिय तहको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको पदाधिकारी हुनेछ।

(घ) परिचयपत्र पाप्त ज्येष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराईज गरी नगरपालिकाको कार्यालयमा राखी वार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ।

(ङ) ज्येष्ठ नागरिक परिचयपत्रको प्रतिलिपि लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारीस वा वडाको सिफारीस सहित आठविसकोट नगरपालिकामा निवेदन पेस गर्नु पर्नेछ।

**९. कार्यविधिमा संशोधन :** यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७८

## अनुसूची १

(दफा ७ सँग सम्बन्धित)

### ज्येष्ठ नागरिक परिचयपत्र

नाम थरः ..........

ना.प्र.न.: ..........

ठेगानाः जिल्ला ............. गा.पा./न.पा.: ..........

वडा नं.: ............ टोल/गाऊँः .........

उमेरः ........... लिङ्गः ...........

उपलब्ध छुट तथा सुविधाहरुः ...........

पति/पत्नीको नाम : ...........

हेरचाह केन्द्रमा बसेको भए सोको विवरणः ...........

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम, थर, सम्पर्क ठेगानाः ...........

रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिएको औषधिको नाम :..........

प्रमाणित गर्ने अधिकृतको,-

दस्तखत :

नाम थर :

पद :

कार्यालय :

ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७६

अनुसुचि २

ज्येष्ठ नागरिक परिचयपत्र अभिलेख बिबरण

आठविसकोट नगरपालिका

| सि.न. | नाम थर | जन्म मिति | बुवा आमाको नाम थर | वाजेको नाम थर | पति पत्नीको नाम थर | संरक्षकको नाम थर | ना.प्र.प.नं. र जारी मिति र जिल्ला | ज्येष्ठ नागरिक परिचयपत्र नं.र जारी मिति र जिल्ला | कैफियत फोटो, सहि |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

तयार गर्ने

नाम, थर

पदः

प्रमाणित गर्ने

नाम, थर

पदः

**आज्ञाले**

**रामबहादुर के.सी.**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

**आठविसकोट नगरपालिका, रुकुम (पश्चिम)**

ज्येष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि, २०७९